स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदा-वलीविराजमानमानोन्नत ओजस्वीराजन्य प्रोज्ज्वलनेपालतारा ॐरामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीरविक्रम जङ्गबहादुर शाहबहादुर शमशेरजङ्गदेवानाम् सदा समरविजयिनाम् ।

२०१० साल वैशाख १२ गतेमा कालमोहर सदर भएको भ्रष्टाचार निवारण ऐनमा केही संशोधन गर्नुपर्ने देखिएकोले श्री ५ महाराजाधिराजबाट यो ऐन बनाई जारी गरिबक्सेको छ।

१. [क] यो ऐनको नाम-'भ्रष्टाचार निवारण ऐन, पहिलो संशोधन २०१२' रहनेछ।

[ख] यो ऐन तुरुन्त लागू हुनेछ।

२. साविक दफा १८ पछि दफा १८ [अ] गरी देहायको दफा जारी भएको छ।

"दफा १८ मा लेखिएका अदालतको फैसला र तोकेको सजायमा चित्त नबुझे प्रधान न्यायालयमा अपील गर्न पाउनेछ। सो अधिकार सरकारको पनि सुरक्षित रहनेछ।"

इति संवत् २०१२ साल ज्येष्ठ २७ गते रोज ६ शुभम्।

## गृहविभागको विज्ञप्ति

२७-२—०१२ फु

गृ. नं. १६६६

इन्सपेक्टर जनरल अफ पुलीस श्री जी. बी. याकथुम्बा बर्मास्थित नेपाली कन्सुलेटको कन्सल पदमा सरुवा भएकोले ऐन सवालबमोजिम निजले बुझबुझारथ गर्नुपर्ने सबै श्रीगोपालशमशेर आई. जी. प्रिजन्सलाई आजै बुझाइदिनू भन्ने र श्रीगोपालशमशेरले पनि श्रीयाकथुम्बासित आजै चार्ज बुझिलिनू र निज गोपा-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खशमशेरले अर्को सूचना नआएसम्म का मु. मै काम चलाउनु भन्ने नेपाल सरकारबाट ०१२ साल ज्येष्ठ २५ गते रोज ४ मा निर्णय भएको छ।

आज्ञाले—

मानबहादुर,

क सेक्रेटरी— गृह भाग.

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. ७

२५–२–०१२

राज्यव्यवस्था विभाग—अन्तर्गत वीरगञ्ज गोस्वारालाई एक नायब सुब्बा चाहिएको छ। योग्य उम्मेदवारहरूले ५ स. क दरखास्त फाराम नं. १ (१०१०) मा भरी २०१२ साल श्रावण २७ गते रोज ५ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त दिनुहोला। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोस्वारामा पनि पाइनेछ। दरखास्तसाथ फी पठाउनुपर्दैन।

पदको विवरण यस प्रकार छः—

१. पदः— नायब सुब्बा, स्थायी तथा पेन्शन पाइने।

२ न्यूनतम योग्यताः— नेपाली मध्यम पास।

३. मासिक बेतन र भत्ताः— हाल भा. रु १२० र महँगो भत्ता भा. रु. १५

४. कामः— गोस्वाराबाट हेरिने मुद्दा मामिला, रिपोट साधक, लेखोट पुर्जी आदेश

आज्ञा —

खड्गमान मल्ल एम. ए.

सेक्रेटरी — पब्लिक सर्भिस कमिशन

सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।